## नेपालको वर्तमान आर्थिक अवस्था र अर्थतन्त्रमा यसको प्रभाव :
### अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री कुशकुमार जोशीबाट स्वागत मन्तव्य

१. नेपाल उद्योग वाणिज्य महासंघबाट आज आयोजित यस अन्तरक्रिया कार्यक्रममा आफ्नो व्यस्त समयका बाबजुद पनि समय दिएर हाम्रो आग्रहलाई स्वीकार गरी यस कार्यक्रममा पाल्नु भएकोमा निजी क्षेत्र लगायत महासंघको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक आभार प्रकट गर्दछु ।

साथै हाम्रो निमन्त्रणा स्वीकार गरि यस कार्यक्रममा पाल्नु हुने सवैमा हार्दिक स्वागत गर्दछु ।

२. यहांहरुको समुपस्थितिले कार्यक्रम आयोजकको हैसियतले हामीलाई ठूलो हौसला पुगेको छ । स्वयं सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा तमाम निजी क्षेत्रको तर्फबाट महासंघले यो कार्यक्रमको आयोजना गरिएको छ ।

यो कार्यक्रमको मूख्य उद्देश्य मुलुकको आर्थिक क्षेत्रमा अहिले देखिएको अनिश्चितताको निराकरण र देशलाई “ आर्थिक संकटबाट” बचाउंन आवश्यक व्यवस्थापनमा सहयोग पुगोस् भन्ने हो । यहांहरुको सक्रिय सहभागिता र सुझावलाई कार्यक्रम सफल बनाउन पूर्ण सहयोग पुग्ने मैले अपेक्षा गरेको छु ।

३. देशमा भएको ऐतिहासिक परिवर्तनका बाबजूद पनि मुलुकको आर्थिक अवस्था नाजूक बन्दै गएको वस्तुस्थिति प्रति नेपाल उद्योग वाणिज्य महासंघले सरकार, राजनीतिक दल, नीति निर्माता र सम्बन्धित सवैलाई यथासमयमानै गम्भिर ध्यानाकर्षण गराएको हो । यति मात्र होइन विश्वमा देखिएको आर्थिक मन्दिको प्रभाव नेपालमा पनि पर्ने संकेत सहित यसको प्रभावबाट बच्ने उपायका बारेमा समयमै उचित रणनीति ल्याउन एक वर्ष अघिनै हामीले सरकारलाई आग्रह समेत गरेका थियौं । तर त्यसको प्रतिक्रिया थियो – हामीलाई खासै फरक पर्दैन । विश्व अर्थतन्त्रमा सिधा नजोडिएकोले असर हुदैन भनेर नीति निर्माता र राजनैतिक नेताहरुले धारणा राख्दै दिएका थिए । आज एक वर्ष नपुग्दै नेपाल आर्थिक संकटतर्फ उन्मुख भएको छ । विश्व आर्थिक मन्दिको प्रभावनै भनेर ठोकुवा नगरेपनि सोधनान्तर घाटा बढ्दै गएको तथ्यले भन्छ, मुलुकको आर्थिक अवस्था स्वस्थ छैन । यसको संकेत विभिन्न आर्थिक, औद्योगिक सूचांक (Indicators) ले समेत प्रष्ट पारेको छ ।

४. चालु आर्थिक वर्षको पहिलो चार महिनाको तथ्यांक हेर्दा नेपालको भुक्तानी संतुलन साढे २० अर्वले घाटामा गएको छ भने व्यापार घाटा ४८ प्रतिशतले बढेर ९६ अर्व पुगेको छ । यसैगरी नेपालको सेवा व्यापार पनि ५ अर्वले घटेको छ । यसको वस्तु र सेवा गरी १०१ अर्व भन्दा बढीको घाटा हुन गएको छ । निर्यात व्यापार २३.७ प्रतिशतले घटेको छ। औद्योगिक उत्पादनमा वर्षको

तुलनामा –०.५ प्रतिशतले ह्रास आएको छ भने रेमिटेन्समा समेत गत वर्षको तुलनामा ६.६ प्रतिशतले घटेको छ ।

एकातिर यो स्थिति छ भने अर्कोतिर वैकिङ्ग क्षेत्रले उत्पादक (Red Sector) क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा बढाएको कर्जाका कारण लगानी योग्य पूंजीको अभाव भएको छ । यसबाट पूंजी अभावसंगै वैंक तथा वित्तिय संस्थाले कर्जाको व्याजदर बढाएका कारण उत्पादनमुलक उद्योग थप प्रभावित भएका छन् ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

५. आयातमा उच्च वृद्धिका कारण राजस्व बढेको हो । तर अर्थतन्त्रमा दीर्घकालिन स्वास्थ्यका दृष्टिकोणले आयातबाट हुने राजस्व वृद्धि र रेमिटेन्सबाट संचालित हुने अर्थतन्त्र दीगो रही रहन सक्दैन । लामो संक्रमणकाल र राजनैतिक अस्थीरताको कारण देशमा लगानी वातावरण क्षिण ह'दैछ। लगानी मैत्री वातावरण नबन्दा स्वदेशी र विदेशी लगानी उत्साहजनक रहेन । जसको कारण रोजगारी समेत घट्ने क्रममा छ । त्यसको प्रभावले अर्थतन्त्रमा समस्या देखा परेका छन् । अहिलेको समस्या वास्तविकता हो , यसलाई हल्का रुपमा नलिइयोस् भन्ने हाम्रो आग्रह छ ।

६. मुद्रा स्फिति ७ प्रतिशतमा सिमित गर्ने सरकारी घोषणा बाबजूद अहिले ११.३ प्रतिशतको हारहारीमा छ । यसले २०६४ सालमा १ सय खर्चेका उपभोक्ताले त्यत्तिनै वस्तु र सेवाको लागि यो वर्ष १२७ रुपैया तिर्नुपर्ने भएको छ । हाम्रो अध्ययनमा राष्ट्र वैंकले अपनाएको मौद्रिक नीति प्रभावकारी र समय सापेक्ष हुन सकेको छैन । मौद्रिक नीतिको मुख्य काम मुल्य वृद्धि रोक्नु र लगानी र उत्पादन बृद्धीमा टेवा पुरयाई आयको वृद्धिदर बढाउनु हो तर अहिले यी दुवै क्षेत्रमा लक्षीत कार्य हुन सकेको छैन ।

७. निजी क्षेत्रले बारम्बार भन्दै आएको छ कि

(क) सरकार एवं सवै राजनीतिक दलले “आर्थिक एजेण्डालाई” प्राथमिकता साथ अघि बढाउनु पर्दछ ।

(ख) बन्द हड्ताल सधै बन्द गरी उद्योग व्यवसायमा प्रभाव पार्न दिनु हुदैन ।

(ग) शान्ति सुरक्षाको प्रत्याभूति सहित श्रम अशान्ति पूर्ण रुपमा रोकिनु पर्दछ ।

(घ) काम नगरेको दिनको पारिश्रमिक (No Work No Pay) को सिद्धान्त लागू गरिनु पर्दछ ।

(ङ) उत्पादकत्व वृद्धि सहित लगानी मैत्री वातावरण सिर्जना गरिनु पर्दछ ।

(च) लोडसेडिङ्ग कम गराउने उपाय अवलम्बन गरिनु पर्दछ ।

तर यी विषयहरु निजी क्षेत्रले उठाएतापनि "फगत राजनीतिक खिंचातानी" कारण हाम्रो Agenda ले कुनै मान्यता पाएको छैन । जसको परिणाम आज मुलुकको"आर्थिक स्थिति" अरु नाजुक हुन पुगेको छ ।

८. सरकारले आर्थिक नीति र बजेट मार्फट राजस्व वृद्धिलाईनै जोड दिदैं आएको छ । तर मुलुकमा उत्पादनशिल क्षेत्रमा लगानी किन किन बढेन ? रोजगारी किन बढेन? निकासी किन बढेन? आदी विषयमा मापदण्ड बनाएर हेर्ने र अध्ययन गर्ने चलनै भएन। राजस्वका कुरा सधै उच्चप्राथमिकतामा पर्ने गर्दछन् भने आर्थिक विकासका उत्तिकै महत्वपूर्ण अन्य क्षेत्रलाई खास ध्यान दिने गरिदैन। यसले उत्पादन क्षेत्रको मनोवल बढेन । जसको परिमाण आज देखा परेको छ ।

निजी क्षेत्रले पूंजी परिचालन गर्न सवै Risk लिने गर्दछ । यसमा पनि वैकिङ्ग र वित्तिय क्षेत्र भन्दा विशेषत: Real Sector बढी जोखिम लिने बाध्य छ । किनभने वैकिङ्ग क्षेत्रलाई जति संरक्षण उत्पादन क्षेत्रले पाएको छैन । यसले यो क्षेत्रलाई संकटबाट बचाउन सरकारले तत्काल आर्थिक नीति परिवर्तनका लागि तत्काल गृहकार्य गर्न पर्ने हाम्रो माग छ । यसले यो क्षेत्रलाई संकटबाट बचाउन सरकारले तत्काल आर्थिक नीति परिवर्तनका लागि तत्काल गृहकार्य गर्न पर्ने हाम्रो माग छ । यसका लागि विदेशी विनिमय दर नीति, वित्त नीति, आयात नीति र मौद्रिक नीतिहरुमा तालमेल र सामन्जेस्यता साथ प्रयोगमा आउनु आवश्यक छ। त्यो भन्दा पनि महत्वपूर्ण कुरा त आर्थिक मुद्दाहरुमा राजनीतिक सहमति कायम गरी लगानीको उपयुक्त वातावरण तयार गरी निर्यात प्रवर्द्धन र आवश्यक अनुसार विलासिताका वस्तुहरुको आयात कुण्ठित गर्न स्मेत आवश्यक देखिएको महासंघको धारणा छ ।

अन्त्यमा ,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी आजको यस कार्यक्रममा पाल्नु हुने सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सवैमा पुन: आभार सहित स्वागत गर्न चाहान्छु ।

सधन्यवाद,

१९ माघ २०६६, काठमाडौं ।